# स्थानीय राजपत्र

<table>
<tr><td colspan="3">अर्जुनचौपारी गाउँपालिका, अर्जुनचौपारीद्वारा प्रकाशित</td></tr>
<tr><td>खण्ड २</td><td>संख्या १</td><td>मिति ............</td></tr>
<tr><td colspan="3">भाग २<br>अर्जुनचौपारी गाउँपालिका<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ (२) बमोजिम गाउँ कार्यपालिकाबाट जारी भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।</td></tr>
<tr><td colspan="3"></td></tr>
</table>

# अर्जुनचौपारी गाउँपालिकाको आमा समूह गठन तथा सञ्चालन कार्यविधि,२०७९

गाउँकार्यपालिकाबाट स्वीकृत मिति २०७९/०६/०४

**प्रस्तावना:** सामुहिक प्रयासबाट महिलाको हित प्रवर्द्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास ,महिलाको आयआर्जनमा वृद्धि गर्न, महिलाहरुको हक, हितको रक्षा गर्न राज्य संयन्त्रप्रति महिलाहरुको पँहुच स्थापीत गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न महिलाहरु मात्र सदस्य रहने गरी, हरेक टोलमा एक आमा समूह गठन गरी वडा समितिको अधीनमा रहने गरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मर्म अनुरुप स्थानीय सेवाको अधिकतम उपयोग गर्न नेपालको संविधानको धारा २२१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी अर्जुनचौपारी गाउँपालिकाले यो कार्यविधि बनाई जारी गरिएको छ।

## १. सक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "अर्जुनचौपारी गाउँपालिकाको आमा समूह गठन तथा सञ्चालन कार्यविधि, २०७९" रहेको छ ।

(२) कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ ।

## २. परिभाषाः विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "अध्यक्ष " भन्नाले अर्जुनचौपारी गाउँपालिकाको अध्यक्षलाई जनाउँछ ,

(ख) "वडाध्यक्ष " भन्नाले अर्जुनचौपारी गाउँपालिकाको वडाध्यक्षलाई जनाउँछ ,

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(घ) "आमा " भन्नाले अर्जुनचौपारी गाउँपालिकाको २५ वर्ष उमेर पूरा भएका महिलालाई जनाउँछ। सो शब्दले एकल महिला समेतलाई जनाउँछ।

(ङ) "गाउँपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकालाई जनाउँछ।

(च) "कार्यपालिका" भन्नाले अर्जुनचौपारी गाउँपालिकाको कार्यपालिकालाई जनाउँछ।

**३.उद्धेश्य:** आमा समूह सञ्चालनको मुख्य उद्धेश्य देहाय बमोजिम रहनेछन्।

(क) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा आमाको पहुँच अभिवृद्दि गर्न।

(ख) आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास क्रियाकलापमा महिलाको सहभागिता सुनिश्चित गर्ने।

(घ) आमा समूहलाई वडा समितिको मातहातमा रहने गरी सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्यांकनमा सहभागी गराउने।

(ङ) सामाजिक विकृति, विसङ्गति, कुरीति, अन्धविश्वास, लैंगिक विभेद, सामाजिक अपहेलना विरुद्ध आवाज जागरुक गराउने।

(च) योजना तर्जुमा तथा छनौट कार्यमा महिलाहरुको सक्रियता बढाउन पहल।

## ४. टोल स्तरीय आमा समूह गठन प्रक्रिया :

(क) आमा समूह प्रत्येक वडामा गाउँ कार्यपालिकाले तोकेको संख्यामा रहने व्यवस्था गरिएको छ।

(ख) एउटा समूहमा कम्तिमा १५ सदस्यहरु रहने व्यवस्था छ।

नोटः संख्या अपूग भएमा वडा समितिले सिफारिस गरेको आधारमा गठन गरिने छ।

(ग) प्रत्येक समूहमा समूहका सदस्यहरुबाट छानिएका

- अध्यक्ष -१ जना
- उपाध्यक्ष -१ जना
- सचिब - १ जना
- कोषाध्यक्ष -१ जना
- अन्य समुहका सबै महिलाहरु सदस्यमा रहने गरि समुह निर्माण गर्नुपर्ने छ।

## ५. आमा समूहको बैठकः

(क) समूहको बैठक मासिक रुपमा कम्तीमा एकपटक बस्नै पर्ने हुन्छ ।

(ख) बैठक तोकेको मिति, समय र स्थानमा बस्नुपर्नेछ ।

(ग) बैठकको निर्णय बैठकको अध्यक्षता गर्ने व्यक्तिले प्रमाणित गरी राख्नुपर्ने छ ।

(घ) बैठकको निर्णयको कार्यन्वयन गर्ने।

(ङ) समितिबाट तोकिएका समग्र कामहरुलाइ कार्यन्वयन गर्न सहयोग पुर्याउने।

(च) आफ्नो क्षेत्रमा सञ्चालित सामाजिक बिकास संस्थाहरुको बारेमा जानाकारी छलफलमा ल्याउने।

## ६. आमा समूहको काम,कर्तव्य र अधिकार :

(क) प्रत्येक महिना आमा समूहको वैठक बसी आफ्नो टोलमा भएका राम्रो नराम्रो गतिविधि माथि छलफल गराउने,

(ख) आफ्नो क्षेत्र भित्रका सार्वजनिक विद्यालय,सडक,भवन,मठ मन्दिर टोलहरू तथा घर आगँन सरसफाई गर्ने र फोहोरको उचित व्यवस्थापन गराउने।

(ग) विभिन्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने साथै महिलालाई उद्यमशील बनाउनका लागि आवश्यक क्षेत्र पहिचान गरी आफ्नो वडामा सिफारिस गर्ने,

(घ) सामाजिक समस्यका रूपमा रहेका जुवातास,मदिरा,लागुपदार्थ वेचविखन र सेवन जस्ता कार्यहरूलाई न्यूनीकरण गराउने।

(ङ) लैङगिक हिंसा,बालबिवाह जस्ता कुरीति र कुसस्कारको विरूद्धमा सचेतना कार्यक्रम गराउने र पिडितलाई न्यायको लागि सम्बन्धित संस्था सम्म पुराउन सहयोग गराउने।

(च) विभिन्न कारणबस विद्यालय जानबाट बन्चित बालबालिकाहरूलाई पढ्न पठाउनको लागी सम्बन्धित निकाय सँग सहकार्य गरी विधालय पठाउने।

(छ) आफ्नो क्षेत्रका हरेक विकास कार्यहरूमा सहभागी हुदै मौलिक संस्कार र संस्कृतिको संरक्षणमा लाग्ने।

(ज) विभिन्न विकास निर्माणका कामहरूमा वडा र पालिका संग सहकार्य र समन्वय,लागत साझेदारी र श्रम साझेदारीमा अगाडि बनाउने।

(झ) वडाका स्यंम सेविका,स्वास्थय सस्था सँग सहकार्य गरी मात्तृ तथा शिशु पोषण, सरसफाई, अपाङ्ग, अशक्त तथा जेष्ठनागरिकहरूको समस्या बुझि वडा वा पालिका सम्म जानकारी दिने।

(ज) रितिरिवाज, परम्परा, चाडपर्ब, स्थानिय सामाग्री, सस्कार परम्परा, उत्पादन आदिको जगेर्ना गर्ने।

## ७. समूह पुरस्कृत हुने व्यवस्थाः

अर्जुनचौपारी गाउँपालिकाको विभिन्न वडाहरुमा दर्ता भई सञ्चालनमा रहेको आमा समूहलाई वर्ष भरि गरेका क्रियाकलापहरुको लेखाजोखा गरी ३ वटा आमा समूहहरुलाई पुरस्कृत गर्न सकिनेछ ।

## ८. समुहको लागि रकम बिनियोजनः

(क) प्रथम चरणमा अधिकतम २५००० दिने २५ जनाभन्दा कम सदस्य भएका समुहलाइ प्रति ब्यक्ति १०००“सदस्य सङख्या बराबर हुन आउने रकम उपलब्ध गराउन सकिने छ।

(ख) पालिकाले आमा समूहहरुलाई सशर्त आर्थिक सहयोग गर्ने छ। तोकिएका शर्त पूरा गर्ने आमा समूहलाई अधिकतम २ लाख सम्म रुपैँया प्रदान गरिनेछ। सो रकम किस्तावन्दीमा कामको मूल्यांकनको आधारमा प्रदान गरिने छ।

**९. अनुगमन मूल्यांकनः** कार्यलयले जनप्रतिनिधि र कर्मचारी सम्मिलित समिति बनाई अनुगमनमा खटाउन सक्नेछ।

अनुगमन समिति देहायबमोजिम हुनेछ।

- सामाजिक बिकास शाखा प्रमुख – संयोजक
- सम्बन्धित वडाको वडा सचिब – सदस्य
- वडाअध्यक्ष वा निजले तोकेको प्रतिनिधि १जना- सदस्य
- सम्बन्धित वडाको प्राबिधिक १ जना - सदस्य
- महिला तथा बालबालिका शाखा प्रमुख १ जना – सदस्य
- आमा समुह सञ्चालन गर्ने कर्मचारि १जना -सदस्य

अनुगमन गर्दा तपशिलका बिषयमा जोड दिइने छः

- नियमित बैठक सम्पन्न भए नभएको,माइनट उठाएको वा नउठाएको,उपस्थित सदस्य सङख्या समुहको सदस्यको कति प्रतिशत छ सो बारेमा अभिलेख राखे/नराखेको।
- आफ्नो टोल सुधारको लागि सरसफाई (बाटो घाटो,कुहिने र नकुहिने फोहोर ब्यबस्थापन, प्लास्टिक ब्यबस्थान) पहल गरे/नगरेको।

- समुदायमा सुत्केरी आमा तथा गर्भवति महिला बिरामी, अशक्त, ज्येष्ठ नागरिकको सेवा तथा सहयोग को लागि स्वास्थ कर्मचारी पुगे नपुगेको जानाकारी लिई उनिहरुलाई सहजिकरण गरे/नगरेको।
- तोकिएको अबधिमा आफ्नो टोलमा रहेका बिद्यालयमा गई बिद्यालयमा बिद्यार्थी तथा शिक्षक हरुको उपस्थिति,अभिभाबक तथा ब्यबस्थापन समितिको सक्रियता र चासोको बारोमा सोधपुछ गरे/नगरेको।
- आफ्नो टोलमा भएका बिकास निर्माणका कार्यमा आमासमुहको सक्रिय चासो, सहभागिता राखे/नराखेको।
- टोलको समस्या पहिचान गरि सम्बन्धित निकायसम्म पुगे नपुगेको।
- चाडपर्बको समयमा समुदायमा हुनसक्ने समस्या जस्तै जाडरक्सि खाएर होहल्ला गर्ने,कुटपिट गर्ने ,जुवातास खेल्ने जस्ता सामाजिक समस्या हटाउनको लागि पहल गरे/नगरेको।

## मुल्याङ्कन आधार तय गरिने तालिकाः

| दिइएको कामको आधारमा | अति उत्तम | उत्तम | मध्यम | सन्तोषजनक |
|---|---|---|---|---|
| मूल्यांकन प्रतिशत | ७५-१०० | ६०-७५ | ५०-६० | ५० भन्दा कम्ति |
| | | | | |

## (१०) योजना माग गर्न सक्नेः

स्थानिय तहमा बिकास निर्माण ,जनचेतना,महिला ससक्तिकरण,सिपमुलक तालिम माग,महिला हिंसा तथा घरेलु हिंसा बिरुद्दको अभियान ,बैठक सञ्चालन तथा बचत परिचालन सम्बन्धि तालिम लगाएतका कार्यक्रमको लागि बजेट माग गर्न सकिने छ।

(क) माग गरिएका कार्यक्रमको कार्यान्वयन को मुल्याङकन गरि अनुगमन समितिले प्रतिबेदन गर्नेछ।

(ख) समुहको बिकास निर्माण,सरसफाई जस्ता कार्तक्रम सञ्चालन मा आमा समुहको अनिबार्य २०% योगदान रहनु पर्ने छ।

(ग) कार्यसम्पादन मुल्याङकन को आधारमा दफा ९ अनुसार अति उत्तम कार्य गर्ने समुहलाई पुरस्कृत साथै थप बजेट प्रदान गर्न सकिनेछ।

## ११. विविधः

(क) **भाग लिन नहुनेः** समूहका कुनै सदस्यले आफ्नो निजी स्वार्थ भएको कुनै काम कुरामा भाग लिन हुदैन।

(ख) **सहयोग गर्न पर्नेः** यस कार्यविधि बमोजिम गठित समूहको काम कारवाहीको सम्बन्धमा आवश्यक सहयोग गर्नु सम्बन्धीतद सबैको कर्तव्य हुनेछ।

(ग) **बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लेखित प्राप्धान कार्यन्वयन गर्दा कुनै वाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो वाधा अड्काउ फुकाउन सक्नेछ।